# नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेडको
# २०७९ साल पौष २२ गते शुक्रवारका दिन सम्पन्न
# ७४ औं बार्षिक साधारण सभामा पेश भएका प्रस्ताव तथा निर्णयहरु

## १. वैधानिक सभा

कम्पनी ऐन, २०६३ र कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम कम्पनीको ७४ औं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अर्जुन पौडेल शर्माज्यूको अध्यक्षतामा निम्न स्थान, मिति र समयमा देहायका विषयहरु उपर छलफल गरी विधिवत रुपमा सम्पन्न भयो ।

***७४ औं साधारणसभा हुने स्थान, मिति र समय***

स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी काठमाडौं ।
मिति : २०७९/०९/२२ गते शुक्रवार (ई.स.०६/०१/२०२३)
समय : बिहानको ११:०० वजे

## २. छलफल भएका बिषयहरु

### (क) सामान्य प्रस्तावहरु:-

१) आ.व. ०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

२) आ.व.०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु उपर समेत छलफल गरी पारित गर्ने ।

३) कम्पनीको आ.व ०७८/०७९ को मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु १,३७,८९,९५,८०६।- को ८ प्रतिशतका दरले हुने रु ११,०३,१९,६६४।- ( एघार करोड तीन लाख उन्नाईस हजार छ सय चौसट्ठी मात्र) बराबरको वोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त वोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.४२११ प्रतिशतले हुने रु ५८,०६,२९८।-( अन्ठाउन्न लाख छ हजार दुई सय अन्ठान्नब्बे मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

४) कम्पनीको आ.व.०७९/०८० को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरिक्षक P. L. Shrestha & Company, Chartered Accountants कानुनत पुनः नियुक्ती हुन सक्नेछ )

### ख) विशेष प्रस्तावहरु :-

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,३७,८९,९५,८०६।- को ८ प्रतिशतका दरले हुने रु ११,०३,१९,६६४।- ( एघार करोड तीन लाख उन्नाईस हजार छ सय चौसट्ठी मात्र) बराबरको वोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । ( बोनस शेयर जारी गर्दा हुन आउने दशमलव पछीको अंक (Fraction Share) शेयरलाई नपुग रकम सम्बन्धित शेयरधनीबाट प्राप्त गरी एकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व संस्थापकतर्फ ५१ प्रतिशत र सर्वसाधारण तर्फ ४९ प्रतिशत कायम राख्ने) ।

२) कम्पनीको आ.व. ०७८/०७९ को वोनस शेयर जारी गरे पश्चात कम्पनीको कायम हुने चुक्ता पूँजी रु १,४८,९३,१५,४७० ।- (एक अरव अठ्चालिस करोड त्रियान्नब्बे लाख पन्ध्र हजार चार सय सत्तरी ) तथा बोनस शेयर जारी गर्दा हुन आउने दशमलव पछीको अंक (Fraction Share) शेयरलाई एकमा परिणत गर्दा थप हुने

शेयर समेत गरि जम्मा हुने चुक्ता पूजिँ अनुसार कम्पनीको प्रवन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको जारी तथा चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३) कम्पनीको ७० औं वार्षिक साधारण सभाको निर्णय बमोजिम निर्जिवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनीसंग गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धी बिषयमा निर्णय गर्न सञ्चालक समितिलाई दिईएको सम्पूर्ण अधिकारलाई निरन्तरता प्रदान गर्ने ।

४) संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**ग) विविध :**

**३. उपस्थिति :**

**(क) सञ्चालक समितिको उपस्थिति:**

| | | |
|---|---|---|
| श्री अर्जुन पौडेल शर्मा | - अध्यक्ष | - सर्बसाधरण शेयरधनी समूह |
| श्री रामहरी न्यौपाने | - सञ्चालक | - स्वतन्त्र |
| श्री लक्ष्मण पौडेल | - सञ्चालक | - प्रतिनिधि, नेपाल बैंक लि. |
| श्री चन्द्रसिंह साउद | - सञ्चालक | - प्रतिनिधि, चार्टड क्यापिटल एण्ड ई.कं. |
| श्री बिष्णु खेतान अग्रवाल | - सञ्चालक | - प्रतिनिधि अग्रिम इन्टरनेशनल प्रा.लि. |
| श्री सबिता श्रेष्ठ जोशी | - सञ्चालक | - सर्बसाधरण शेयरधनी समूह |

**(ख) कम्पनीका पदाधिकारीहरुको उपस्थिति**

| | |
|---|---|
| श्री वीरकृष्ण महर्जन | - प्रमुख कार्यकारी अधिकृत |
| श्री ईश्वर पोखरेल | - नायव प्रमुख कार्यकारी अधिकृत |
| श्री निरज बस्नेत | - नायव महा-प्रबन्धक |
| श्री चन्द्र नाथ उप्रेती | - मुख्य प्रबन्धक (कम्पनी सचिव) |
| श्री संजय अर्याल | - मुख्य प्रबन्धक (बजार व्यवस्थापन विभाग) |
| श्री दयानिधि प्र.ओझैया | - मुख्य प्रबन्धक (दावी विभाग) |
| श्री उमेश अवस्थी | - मुख्य प्रबन्धक (लेखा तथा वित्त विभाग) |
| श्री हरिहरमानसिंह बस्नेत | - बरिष्ठ प्रबन्धक (मानवस्रोत तथा व्यवस्थापन सेवा विभाग) |
| श्री सुलना श्रेष्ठ | - प्रबन्धक (कानुन विभाग) |
| श्री श्याम पण्डित | - उप-प्रबन्धक (सूचना प्रविधि विभाग) |

**(ग) पर्यवेक्षक तथा प्रतिनिधिहरुको उपस्थिति**

१) संस्थापक शेयरधनी नेपाल बैंक लि.को तर्फबाट श्री प्रविण कुमार घिमिरे ।

२) संस्थापक शेयरधनी आईएम लि, आईएमई इन्भेष्टमेन्ट प्रा.लि तथा आई.एम.ई ईन्भेष्टमेन्ट प्रा.लि को तर्फबाट कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री अर्जुन पौडेल शर्मा ज्यू ।

३) संस्थापक शेयरधनी बिशाल मिनेरल्स एण्ड माइन्स प्रा.लि, ए.ए.ए.इन्भेष्टमेण्ट प्रा.लि, प्रुडेन्सियल क्या.मेनेजमेन्ट कं, युनाईटेड डिष्ट्रिब्युटर्स, लाईफ केयर डिष्ट्रिब्युटर्स, एशियन डिष्ट्रिब्युटर्स, भि.जि. अटोमोवाईल्स, अगिम ईन्टरनेशनल तथा पुजा ईन्टरनेशनलको तर्फबाट श्री बिष्णु खेतान अग्रवाल ।

४) संस्थापक शेयरधनी श्री चार्टर्ड क्यापिटल एण्ड ईन्भेष्टमेन्ट लि. को तर्फबाट श्री चन्द्रसिंह साउद ।

(घ) **शेयरधनीहरुको उपस्थिति**

१) स्वयम्     १४१
२) प्रतिनिधि     ४
जम्मा     १४५

**४. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम)**

| विवरण | कुल सङ्ख्या | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयरधनी | १९६०० | १४५ | ०.७४% |
| शेयर सख्या | १,३७,८९,९५८.०७ शेयर संख्या मध्ये ७५,६४,०८६ को प्रतिनिधित्व भएको । | - | ५४.८५ % |

**५.सभाको वैधानिकता**

साधारणसभामा उपस्थित हुनुभएका शेयरधनी एवम् अन्य महानुभावहरुलाई सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ (२) बमोजिम आवश्यक गणपूरक सङ्ख्या पुगिसकेको हुँदा सभा वैधानिक भएकाले सभा सञ्चालन गर्नका लागि सभाबाट अनुमति लिई कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भएअनुसार सभाको अध्यक्षता गर्न सञ्चालक समितिका अध्यक्ष श्री अर्जुन पौडेल शर्माज्यूलाई कम्पनी सचिवले अनुरोध गर्नुभयो । सभामा सञ्चालक समितिका अध्यक्ष एवम् सभाका अध्यक्ष, सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, नायव प्रमुख कार्यकारी अधिकृत, नायव महा-प्रबन्धक, मुख्य प्रबन्धकहरु लगायत विभागिय प्रमुखहरु, अन्य कर्मचारीहरु, शेयरधनी महानुभावहरु, तथा अन्य आमन्त्रित नियामक निकायका प्रतिनिधि/पर्यवेक्षकहरुको आसन ग्रहण सम्पन्न गरीसके पछि सभाका अध्यक्ष श्री अर्जुन पौडेल शर्माज्यू बाट पानसको दियोमा वत्ति वाली बिधिवत् रुपमा सभाको उदघाटन गर्नु भयो । तत्पश्चात् कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री वीरकृष्ण महर्जनबाट सभामा उपस्थित सम्पूर्ण अतिथि, प्रतिनिधि/पर्यवेक्षक, कर्मचारी लगायत शेयरधनी महानुभावहरुलाई स्वागत मन्तव्य राख्दै कम्पनीको आ.व. ०७८/०७९ को प्रगति समिक्षा तथा भावी कार्य योजनाहरुको बारेमा जानकारी गराउनु भयो ।

**६.वार्षिक प्रतिबेदन प्रस्तुति र छलफल**

सभामा सञ्चालक समितिका अध्यक्ष एवम् सभाका अध्यक्ष श्री अर्जुन पौडेल शर्माज्यू बाट सञ्चालक समितिका तर्फबाट कम्पनीको आ.व.०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुका साथै आ.व.०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा अनुसूचिहरु उपर आफनो मन्तव्य, जिज्ञासा एवम् सल्लाह र सुझावहरु भए छलफलमा सहभागी हुनु हुने शेयरधनीहरुलाई अनुरोध भए बमोजिम देहाय बमोजिमका शेयरधनी महानुभावहरु छलफलमा सहभागी हुनुभयो ।

**छलफलमा प्रत्यक्ष सहभागी शेयरधनीहरु :**

१) श्री उद्धव प्रसाद घिमिरे
२) श्री चन्द्र नारायण श्रेष्ठ
३) श्री जयन्द्रमानसिंह बाँनिया
४) श्री लवराज जोशी

**सभामा उठेका प्रश्न, जिज्ञासा, सुझाव र प्रतिक्रिया संक्षिप्त रुपमा निम्न बमोजिम रहेका छन् :-**

१) श्री उद्धव प्रसाद घिमिरे

- बीमा क्षेत्रमा गौरवशाली इतिहास बोकेको नेपालको पहिलो यस बीमा कम्पनीको स्थापना कालदेखिका संस्थापक र कार्यकारी प्रमुखहरुको फोटो राख्ने व्यवस्था गर्दा राम्रो हुने थियो ।
- कम्पनीले आ.व. ०७८/०७९ को ७४ औं वार्षिक साधारण सभा समयमै सम्पन्न गर्न सकेकोमा धन्यवाद ।
- मुलुकमा आएको आर्थिक मन्दिको समयमा पनि ८ प्रतिशत बोनस शेयर वितरण गर्न सक्नु राम्रो पक्ष भएको ।
- कम्पनीको आ.व. ०७८/०७९ को वार्षिक प्रतिवेदनमा तुलनात्मक Graphical Chart हरु राखेको देखिएन, Chart हरु राखेको भए अझ उत्कृष्ठ हुने थियो ।
- कम्पनीको कमलादी स्थित साविक प्रधान कार्यालय रेहेको स्थानमा नयाँ भवन कहिले सम्म बनाई सक्ने हो जानकारी पाउन पाए राम्रो हुने थियो ।
- नेपाल बीमा प्राधिकरणले तोकेको समय सीमा भित्र चुक्ता पूजीँ पुऱ्याउने सम्बन्धमा के भई रहेको छ वा मर्जरमा जाने हो, नेपालको पहिलो बीमा कम्पनी भएकाले मर्जरमा जाँदा कम्पनीको नाम नेपाल इन्स्योरेन्स कम्पनी नै राख्नु पर्दछ ।
- कम्पनीको प्रत्येक पोर्टफोलियोमा बीमा प्रिमियम संकलन राम्रो भएता पनि अझै व्यवसाय प्रवद्धन गर्ने कार्यमा जोड दिनु पऱ्यो । नयाँ बीमालेखहरु ल्याउनु पऱ्यो ।
- कृषि बीमा प्रवद्धन गर्न ग्रामिण स्तर पहुँच पुऱ्याउनुका साथै हवाई बीमा शुल्क बढाउने तर्फ ध्यान आकृष्ट होस ।

२) श्री चन्द्र नारायण श्रेष्ठ

- नाफा बृद्धि गर्न सफल हुनुका साथै दायित्व घटन जानु राम्रो पक्ष हो ।
- उधारो बीमा भएको हो की ?
- पूर्वाधार विकासका लागि बीमा प्राधिकरणबाट तोकिएको सीमा अनुसार दिर्घकालिन लगानी तर्फ जोड दिनु पऱ्यो ।
- उपयुक्त अन्य निर्जिवन बीमा कम्पनीसंग गाभ्ने, गाभिने वा प्राप्ती गर्ने सम्बन्धमा कम्पनीहरुको Swap Ratio कस्तो रहने हो जानकारी पाए राम्रो हुने थियो ।

३) श्री जयन्द्रमानसिंह बाँनिया

- कम्पनीको वित्तिय विवरण Positive रहेको पाइयो ।
- वार्षिक प्रतिवेदनमा NFRS र Gap Report मा EPS मा भिन्नता देखिएको छ , सो के भएको हो, जानकारी पाए राम्रो हुने थियो ।
- कम्पनीको खुद बीमा शुल्क बिगत वर्ष भन्दा कम देखिन्छ ।
- कम्पनीको विगत वर्षको तुलनामा आ.व. ०७८/०७९ मा लगानी बढि भएता पनि हाल बढेको व्याजदर अनुसार प्रतिफल न्यून हो की ?
- नियामक निकायको निर्देशन बमोजिम कम्पनीको चुक्त पूंजिँ २.५ अर्ब पुऱ्याउने सम्बन्धमा के भई रहेछ र अन्य निर्जिवन बीमा कम्पनीसंग गाभ्ने, गाभिने वा प्राप्ती गर्ने सम्बन्धमा के कसरी जाने हो र Merger नीति के कस्तो रहेको छ जानकारी पाउन पाए राम्रो हुने ।
- कम्पनीको मोटर बीमा व्यवसाय तर्फ आम्दानी कम भएको देखिन्छ सो तर्फ ध्यान दिनु पऱ्यो ।

४) श्री लवराज जोशी

- कम्पनीले आ.व. ०७८/०७९ को ७४ औं वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको ६ महिनामै गर्न सफल भएकोमा धन्यवाद ।
- बिगत वर्षको तुलनामा शेयर बिक्रिबाट भएको आम्दानी कम भएतापनि ८ प्रतिशत लाभाशं दिन कम्पनी सक्षम भएंको छ ।
- विश्वको अर्थतन्त्र लगायत मुलुकमा देखिएको आर्थिक शिथिलताका बावजुद बीमा प्रिमियम संकलनमा बृद्धि र शाखा बिस्तार गर्न सकेको देखिन्छ यो कम्पनीको लागि राम्रो पक्ष हो ।
- कम्पनीले नियामक निकायको निर्देशन अक्षरस पालन गरेको देखिंन्छ । कम्पनीले बीमा शुल्क नलिई बीमालेख जारी गर्ने गरेको पाईदैन यो राम्रो पक्ष हो ।
- नेपाल इन्स्योरेन्सले प्रतिस्पर्धात्मक बीमा बजारमा स्वस्थ्य प्रतिस्पर्धा गर्ने गरेको पाईन्छ ।
- कम्पनीमा हाल बीमा सम्बन्धी अनुभवी र दक्ष सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत रहनु भएको छ , साथै महिला सञ्चालक पनि हुनु हुन्छ उहाँहरुले कम्पनीको विकास विस्तार तथा बीमा व्यवसाय प्रवद्धनमा अझ जोड दिनु पर्‍यो ।
- कम्पनीको निर्माण हुन लागेको नयाँ भवन छिटो बनाउने तर्फ ध्यान दिनु पर्‍यो ।

**सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री अर्जुन पौडेल शर्माज्यूको जवाफ :**

कम्पनीको वार्षिक साधारण सभाको छलफलमा सहभागी हुनु भएका शेयरधनी महानुभावहरुले राख्नु भएका जिज्ञासा, सुझाव एवम् सल्लाहहरुको लागि धन्यवाद व्यक्त गर्दै सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री अर्जुन पौडेल शर्माज्यूले देहाय बमोजिम जवाफ दिनुभयो ।

- आफ्ना अमूल्य विचार, सुझाव एवम् सल्लाह दिनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुमा धन्यवाद ।
- कम्पनीको स्वामित्वमा रहेको काठमाण्डौं महानगरपालिका वडा नं २८ कमलादी स्थित साविक प्रधान कार्यालय रहेको स्थानमा नयाँ भवन बनाउने क्रममा भवको शिलन्यास भई काठमाण्डौ महानगरपालिकामा नक्शा पास गर्ने क्रममा लाग्ने राजस्व समेत तिरि सकिएको हुँदा सम्पुर्ण प्रकृयाहरु पुरा भए पश्चात भवन निर्माण प्रकृया अगाडी बढाईने छ ।
- कृषि बीमा, हवाई बीमा, मोटर बीमा लगायत अन्य पोर्टफोलियोहरुमा बीमा व्यवसाय बढाउने तर्फ जोड दिइने छ ।
- कम्पनीको लाभाशं बढाउने तर्फ सञ्चालक समिति तथा व्यंवस्थापन लागि रहेका छौं र लागिरहने छौं ।
- उधारो बीमा गरेको छ कि भन्ने सम्बन्धमा कम्पनीले उधारो बीमा गर्ने नगरेको बीमा प्राधिकरणको निर्देशन बमोजिम गर्न पनि नपाउने व्यहोरा जानकारी गराउन चाहन्छु ।
- दिर्घकालिन लगानी बढाउने तर्फ ध्यान दिईने छ ।
- नेपाल बीमा प्राधिकरणको निर्देशन बमोजिम उपयुक्त निर्जिवन बीमा कम्पनीसंग गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धमा विभिन्न निर्जिवन बीमा कम्पनीहरुसंग मर्जर समिति मार्फत वार्ता भईरहेको र निर्जिवन बीमा क्षेत्रमा इतिहास बोकेको यस कम्पनी मर्जर हुँदा कम्पनीको नाम नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड राख्ने तर्फ पहल गरिने व्यहोरा जानकारी गराउन चाहन्छु ।
- वार्षिक प्रतिवेदनमा NFRS र Gap Report मा केहि भिन्नता देखिएको, EPS मा फरक भएको सम्बन्धमा बीमा प्राधिकरणको नियमानुसार नै लेखापरीक्षकले लेखाङ्कन गरेको हो, सम्भवत आगामी वर्ष बीमा प्राधिकरणले एउटा मात्र वासालात तयार गर्नु पर्ने व्यवस्था लागु गरे पश्चात सबैकुराहरुमा एकरुपता आउने छ ।

- कम्पनीको विगत वर्षको तुलनामा लगानी बढि भएतापनि हाल बढेको व्याजदर अनुसार प्रतिफल न्यून हो भन्ने सम्वन्धमा गत वर्ष शेयर बिक्रिबाट भएको आम्दानीका कारण बढि हुन गएको हो ।
- खुद बीमा शुल्क घटेको हो भन्ने सम्बन्धमा कम्पनीको हिस्सा कम भएतापनि कुल बीमा शुल्क बढेको नै छ ।
- लाभाशं घटेको सम्बन्धमा विगत वर्ष भन्दा आ.व. ०७८/०७९ मा बढेको चुक्ता पूजीं अनुसार वितरण गरिएको हुँदा केही घटन गएको नै देखिन्छ ।

## ७. साधारण सभाका प्रस्ताव तथा निर्णयहरु

### (क) सामान्य प्रस्तावहरुः-

प्रस्ताव नं १ : आ.व. ०७८/०७९ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

**निर्णय : सञ्चालक समितिका अध्यक्ष श्री अर्जुन पौडेल शर्माज्यूबाट कम्पनीको ७४ औं वार्षिक साधारण सभामा सञ्चालक समितिका तर्फबाट प्रस्तुत आ.व. ०७८/०७९ को वार्षिक प्रतिवेदन सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं २ : आ.व.०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु उपर समेत छलफल गरी पारित गर्ने ।

**निर्णय : कम्पनीको आ.व. ०७८/०७९ को लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा, नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सो सँग सम्बन्धित अनुसूचीहरु उपर छलफल भई सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं. ३ : कम्पनीको आ.व ०७८/०७९ को मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु १,३७,८९,९५,८०६।- को ८ प्रतिशतका दरले हुने रु ११,०३,१९,६६४।- ( एघार करोड तीन लाख उन्नाईस हजार छ सय चौसट्ठी मात्र) बराबरको वोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त वोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.४२११ प्रतिशतले हुने रु ५८,०६,२९८।-( अन्ठाउन्न लाख छ हजार दुई सय अन्ठान्नब्बे मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**निर्णय : कम्पनीको आ.व ०७८/०७९ को मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजी रु १,३७,८९,९५,८०६।- को ८ प्रतिशतका दरले हुने रु ११,०३,१९,६६४।- ( एघार करोड तीन लाख उन्नाईस हजार छ सय चौसट्ठी मात्र) बराबरको वोनस शेयर जारी गर्ने विशेष प्रस्ताव यसै साधारण सभामा पेश गरिएको हुँदा उक्त वोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ ०.४२११ प्रतिशतले हुने रु ५८,०६,२९८।-( अन्ठाउन्न लाख छ हजार दुई सय अन्ठान्नब्बे मात्र) नगद लाभांश वितरण गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ४ : कम्पनीको आ.व.०७९/०८० को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरिक्षक P.L.Shrestha & Company, Chartered Accountants कानुनत पुनः नियुक्ती हुन सक्नेछ )

**निर्णय** : **कम्पनीको आ.व. ०७९/०८० को लेखापरीक्षण गर्न लेखापरीक्षक P.L. Shrestha & Company, Chartered Accountants लाई लेखापरीक्षण शुल्क वापत रु ३,५०,०००। ( तीन लाख पचास हजार , मु.अ.कर बाहेक ) तथा शाखा निरीक्षणको क्रममा उपत्यका बाहिर जाँदा-आउंदा प्रति व्यक्ति होटल खर्च सहित दैनिक रु ३,०००।- भत्ता र वास्तविक खर्चको आधारमा यातायात खर्च भुक्तानी दिने गरि लेखापरीक्षकमा नियुक्ति गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम सञ्चालक समितिले गरेको निर्णय प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**ख) विशेष प्रस्तावहरु :-**

प्रस्ताव नं १ : सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,३७,८९,९५,८०६।- को ८ प्रतिशतका दरले हुने रु ११,०३,१९,६६४।- ( एघार करोड तीन लाख उन्नाईस हजार छ सय चौसट्ठी मात्र) बराबरको वोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । ( वोनस शेयर जारी गर्दा हुन आउने दशमलव पछीको अंक (Fraction Share) शेयरलाई नपुग रकम सम्बन्धित शेयरधनीबाट प्राप्त गरी एकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व संस्थापकतर्फ ५१ प्रतिशत र सर्वसाधारण तर्फ ४९ प्रतिशत कायम राख्ने) ।

**निर्णय** : **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम कम्पनीको हाल कायम रहेको चुक्ता पूँजी रु १,३७,८९,९५,८०६।- को ८ प्रतिशतका दरले हुने रु ११,०३,१९,६६४।- ( एघार करोड तीन लाख उन्नाईस हजार छ सय चौसट्ठी मात्र) बराबरको वोनस शेयर जारी गर्ने प्रस्ताव पारित गरिनुका साथै बोनस शेयर जारी गर्दा हुन आउने दशमलव पछीको अंक (Fraction Share) शेयरलाई नपुग रकम सम्बन्धित शेयरधनीबाट प्राप्त गरी एकमा परिणत गर्ने र सो गर्दा शेयर स्वामित्व संस्थापकतर्फ ५१ प्रतिशत र सर्वसाधारण तर्फ ४९ प्रतिशत कायम राख्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं २ : कम्पनीको आ.व. ०७८/०७९ को वोनस शेयर जारी गरे पश्चात कम्पनीको कायम हुने चुक्ता पूँजी रु १,४८,९३,१५,४७० ।- (एक अरव अठ्चालिस करोड त्रियान्नब्बे लाख पन्ध्र हजार चार सय सत्तरी ) तथा बोनस शेयर जारी गर्दा हुन आउने दशमलव पछीको अंक (Fraction Share) शेयरलाई एकमा परिणत गर्दा थप हुने शेयर समेत गरि जम्मा हुने चुक्ता पूजिँ अनुसार कम्पनीको प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको जारी तथा चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**निर्णय** : **कम्पनीको आ.व. ०७८/०७९ को वोनस शेयर जारी गरे पश्चात कम्पनीको कायम हुने चुक्ता पूँजी रु १,४८,९३,१५,४७० ।- (एक अरव अठ्चालिस करोड त्रियान्नब्बे लाख पन्ध्र हजार चार सय सत्तरी ) तथा बोनस शेयर जारी गर्दा हुन आउने दशमलव पछीको अंक (Fraction Share) शेयरलाई एकमा परिणत गर्दा थप हुने शेयर समेत गरि जम्मा हुने चुक्ता पूजिँ अनुसार कम्पनीको प्रबन्ध-पत्रको दफा ५ को (ख) र (ग) मा भएको जारी तथा चुक्ता पूँजी सम्बन्धी व्यवस्था संशोधन गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ३ : कम्पनीको ७० औं वार्षिक साधारण सभाको निर्णय बमोजिम निर्जिवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनीसंग गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धी विषयमा निर्णय गर्न सञ्चालक समितिलाई दिईएको सम्पूर्ण अधिकारलाई निरन्तरता प्रदान गर्ने ।

निर्णय : **कम्पनीको ७० औं वार्षिक साधारण सभाको निर्णय बमोजिम निर्जिवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनीसंग गाभ्ने, गाभिने वा प्राप्ति गर्ने सम्बन्धी बिषयमा निर्णय गर्न सञ्चालक समितिलाई दिईएको सम्पूर्ण अधिकारलाई निरन्तरता प्रदान गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

प्रस्ताव नं ४ : संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

निर्णय : **संशोधित प्रबन्ध-पत्र तथा नियमावली अभिलेख गर्ने निकाय वा नियमनकारी निकायबाट कुनै फेरबदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मत पारित भयो ।**

**ग) विविध:**

**१) कम्पनीको ७४ औं वार्षिक साधारण सभाले गरेको निर्णयको माइन्युट सञ्चालक समितिका अध्यक्ष श्री अर्जुन पौडेल शर्मा र स्वतन्त्र सञ्चालक श्री रामहरी न्यौपानेले हस्ताक्षर गर्ने प्रस्ताव उपर छलफल हुँदा सो प्रस्ताव सर्वसम्मत पारित भयो ।**

## ८. धन्यबाद ज्ञापन तथा सभा समापन

अन्तमा,शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका अमूल्य सुझाव, सल्लाह एवम् जिज्ञासाहरुलाई मार्गदर्शनको रुपमा लिने विश्वास दिलाउँदै यस सभालाई सफल पार्न सहयोग पुऱ्याउनुहुने कम्पनीका संस्थापक एवं शेयरधनी महानुभावहरु, नियामक निकायबाट आउनु भएका तथा आमन्त्रित प्रतिनिधि/पर्यवेक्षक महानुभावहरु, कम्पनीका कर्तब्यनिष्ठ कर्मचारीहरु सबैलाई हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्दै सभाका सभा अध्यक्ष एवम् सञ्चालक समितिका अध्यक्ष श्री अर्जुन पौडेल शर्माज्यूबाट अपरान्ह १:१५ वजे कम्पनीको ७४ औं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

रामहरी न्यौपाने
स्वतन्त्र सञ्चालक

अर्जुन पौडेल शर्मा
अध्यक्ष

मिति : २०७९/९/२२